ADCCN ई-बुलेटिन
Association of District Coordination Committees of Nepal
जिल्ला समन्वय समिति महासंघ नेपाल
e - Bulletin

Vol. 2 [Issue – II] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-Bulletin, July-August 2019 (२०७६ साउन)


# जिल्ला समन्वय समिति तथा जि.स.स. महासंघ नेपाललाई सहयोग गरिदिने सम्बन्धमा प्रदेश नं. १ का मुख्यमन्त्री माननीय शेरधन राईज्यूलाई महासंघको केन्द्रिय कार्यसमितिको भेट



मिति २०७६।४।१७ गते, प्रदेश नं. १ का मुख्यमन्त्री माननीय श्री शेरधन राईज्यूलाई महासंघको केन्द्रिय कार्यसमितिका पदाधिकारीहरुले मोरङ उद्योग संगठनको हल, विराटनगरमा भेट तथा पत्रकार सम्मेलन गरि अनुरोध पत्र बुझाइएको थियो । उक्त कार्यक्रमको संयोजन जिल्ला समन्वय समिति महासंघ नेपालको केन्द्रिय सदस्य तथा महासंघ प्रदेश नं. १ का अध्यक्ष श्री बबि चाम्लिङ्ले गर्नुभएको थियो ।

**महासंघको तर्फबाट निम्न विषयमा आवश्यक सहयोग तथा व्यवस्थाका लागि मुख्यमन्त्रीज्यू समक्ष अनुरोध गरिएको थियो :**

१. नेपाल सरकारले यस आ.व. २०७६।७७ को निति तथा कार्यक्रममा जि.स.स.हरुलाई गैससहरुको परिचालन व्यवस्था मिलाउने, जिल्लामा तथ्यांकको अद्यावधिक गर्ने प्रबन्ध गर्ने तथा प्रभावकारी समन्वय र क्षमता विकासको कार्यगर्न सक्रिय पारिने (माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको बजेट भाषण बुदानं २८३) भन्ने उल्लेख भएका कार्य गर्न आवश्यक कार्यविधि तथा बजेटको व्यवस्था गरिदिन ।

२. तहां प्रदेशबाट जिल्ला समन्वय समितिहरुको परिचालन एवं जिम्मेवारीका साथ कार्य गर्न प्रदेशको वार्षिक निती तथा कार्यक्रममा जिल्ला समन्वय समितिहरुको भूमिका र तदनुरुपका कार्यका लागि बजेट व्यवस्था गरिनु पर्ने ।

३. प्रत्यक जिल्लामा आयोजना हुने आवधिक एवं वार्षिक समिक्षा बैठकहरुमा प्रदेश निती तथा योजना आयोगले समन्वय गरि प्रदेश सभा सदस्यहरु र अन्य जिम्मेवार निकायको उपस्थिति रहने व्यवस्थाका साथै उक्त बैठकबाट भएका निर्णयहरु सम्बन्धित पालिकाहरु तथा प्रदेश र संघ अन्तरगतका सम्बन्धीत जिल्लामा कार्यरत निकायहरुले कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्ने ।

४. प्रदेश कानूनहरु निर्माण गर्दा नेपालको संविधानको धारा २२० को उपधारा ७ (घ) अनुसार ब्यवस्था भएका कार्य गर्न जिल्ला सभा संचालन र जिल्ला समन्वय समितिको काम, कर्तब्य र अधिकार परिचालनका लागि आवश्यक ब्याख्या सहितको प्रावधानहरु समावेश हुनुपर्ने ।

५. प्रदेश भित्रका स्थानीयतहका जनप्रतिनिधिहरु लाई क्षमता विकास र परिचालन गर्ने प्रयोजनका लागि समेत यस महासंघ समितिको सक्रियताको लागि आवश्यक स्रोत साधनको ब्यवस्था गरिदिनुका साथै प्रदेश अन्तरगतका जिल्ला समन्वय समितिहरुका लागि क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने प्रवन्ध हुनुपर्ने ।



अनुरोध पत्र बुझिसकेपछि मुख्य मन्त्रीज्यूले आफ्नो सम्बोधनमा कार्यक्रमको शिलसिलामा मोरङ् उद्योग संगठनको हलमा भेट्न बाध्य भएँ, आफ्नो कार्यालयमा समय मिलाउन सकिएन तर पनि महासंघ केन्द्रिय बैठक सुन्दर नगरि पाख्रीबास धनकुटामा सम्पन्न गरि आउनु भएछ, त्यसका लागि सबैलाई धन्यबाद र स्वागत गर्न चाहन्छु । अहिले संविधान कार्यान्वयन गर्ने जिम्मेवारी जनताको अभिमतबाट हामीलाई प्राप्त भएको छ । सक्षम, सवल, सुदृढ नेपाल राष्ट निर्माण गर्न हामी तीन तहको सरकार मार्फत काम गर्दै छौं । अलग अलग बाटोबाट होइन संघीयको जगबाट हिमाल, पहाड, तराई र विभिन्न भूगोलमा बस्नेलाई एउटै मालामा जोड्न सकिन्छ । सबै नागरिकलाई सेवाको अवसर दिन यो ब्यवस्था छानेका हौं ।

हाम्रो गन्तब्य तय भएको समृद्ध नेपाल सुखी नेपाली सर्वत्र गुञ्जीएको छ । यो यात्रामा सबै हामी एक हौं । केन्द्र र केन्द्रिय सरकारले मूल नेतृत्व सम्हालेको १ नं. प्रदेशमा हामी ७ प्रदेशबाट र स्थानीय तहमा जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिका मिलेर कार्य गर्दछौं । संविधान जारी गर्दा केहि भिन्नता र प्रिथकता थियो तर अहिले प्राय सबै मूलधारमा आएका छन् । केहि केहि बाहिर हुने पनि समाहित हुनेछ । यसरी ऐतिहासिक भूमिकामा हामी दाइत्व बोकेर लागिपरेका छैन ।

अध्यक्ष, सीता सुन्दास ः बैठक महत्वपूर्ण र गहन छलफल केन्द्रित भयो । सबैलाई धन्यबाद । महासंघ स्थापना र कार्यसम्पादनका पक्ष कति अनुगमन बैठक हेर्‍यौं । महासंघले ७७ वटै जिल्लाको प्रतिनिधित्व गराउन राय सल्लाह सुझाव खोजेका छौं त्यसमा सबैले योगदान दिनुपर्ने । बैथकमा सदस्यहरुले समस्या पहिचान र समाधानका उपायमा लाग्नुपर्छ । अध्यक्षको भूमिका सम्पूर्ण नहोला पछि सदस्यहरुबाट सहयोग प्राप्त भएन भने के हुन्छ ? Define duty, Stakeholder level maintain को आवश्यक छ । विधान र कार्यसम्पादन प्रणाली सुधार्न सबैको योगदान आवश्यक छ ।



## जि.स.स. भोजपुरद्धारा जिल्लामा पहिरोबाट ज्यान गुमाउनेका परिवारलाई राहत वितरण

२०७६ असार २८ गते भोजपुर जिल्लाका विभिन्न ठाउँमा पहिरोबाट धनजनको क्षति पुगेको छ । सो पहिरोमा ज्यान गुमाएकाहरुका परिवारलाई जिल्ला समन्वय समिति भोजपुरले राहत वितरण गरेको छ ।



जिल्ला समन्वय समिति प्रमुख, उप-प्रमुख तथा सदस्यहरुले आफ्नो १५ दिनको सेवा सुविधाबाट कटाएर मृतकका परिवारलाई राहत वितरण गरेको हो । जिल्ला समन्वय समितिले संकलन गरेको केहि रकम (७७ हजार ८ सय ४० रुपैंया) प्रति मृतकका परिवारलाई १५ हजार ५ सय ८८ रुपैंयाका दरले वितरण गरेको थियो ।

सेवा सुविधाबापत जिल्ला समन्वय समिति प्रमुखबाट १७ हजार, उप-प्रमुखबाट १२ हजार ५ सय र प्रति सदस्य ६ हजार ८ सय २० रुपैयाँका दरले संकलन गरेर पाँच जना मृतकका परिवारलाई राहत रकम वितरण गरिएको थियो ।

पहिरोमा परि जिल्लाका टेम्केमैयुङ गाउँपालिका ८ नं. का १४ वर्षीय जनक वि.क., रामप्रसाद राई, गाउँपालिका ७ नं. बासीखोराका जगतबहादुर राई र रामप्रसाद राई, गाउँपालिका ५ नं. मानेभञ्ज्याङको ३५ वर्षीया मन कुमारी राई, १७ वर्षीय शिवकुमार राई र १५ वर्षीय शक्तिकुमार राईको ज्यान गएको थियो ।

# महासंघको संस्थागत सुदृढिकरण तथा भावि कार्यदिशामा पहल



श्रावण महिना बाढी पहिरोको जोखिम रहंदापनि जिल्ला समन्वय समिति महासंघले घीय नेपालको संविधान कार्यान्वयनमा आफ्ना गतिविधिलाई निरन्तररता दिदै मिति २०७६।४।१४ देखि १७ गते सम्म प्रदेश नं १ र २ लाई लक्ष्य गरेर स्थलगत भ्रमण, सचिवालय बैठक तथा केन्द्रीय समितिको बैठक समेत धनकुटा जिल्लामा सम्पन्न भयो ।

महासंघको विधानको परिच्छेद ४ को १० मा कार्य समितिको गठन भनेर निम्न व्यवस्था गरे बमोजिम मौजुदा कार्य समितिको चयन २०७४ माघ १० र ११ गतेको राष्ट्रिय परिषदले गरेको हो ः

*क. परिषदका सदस्यहरुमध्येबाट सम्पूर्ण सदस्यहरुको बहुमतको आधारमा निर्वाचित अध्यक्ष र उपाध्यक्ष,*

*ख. प्रत्येक प्रदेश भित्रका परिषदमा प्रतिनिधित्व गर्ने सदस्य – जिल्ला समन्वय समितिका सदस्यहरुले आफूहरुमध्येबाट तीन जनाको दरले निर्वाचित पन्ध्र जना सदस्यहरु,*

*ग. खण्ड (क) र (ख) अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुले निर्णय गरी परिषदका सदस्यहरुमध्येबाट विभिन्न राजनैतिक दलहरुको प्रतिनिधित्व हुने गरी पदीय सन्तुलन मिलाई मनोनित गरिने पाँच जना सदस्यहरु,*

*घ. महासंघको निवर्तमान अध्यक्ष एक अवधिका लागि सदस्य, ।*

*ङ. कार्यसमितिले आफु मध्येबाट एकजना प्रवक्ता नियुक्त गर्न सक्नेछ ।*

हाल महासंघको केन्द्रिय कार्यसमिति २८ जिल्ला समन्वय समितिका प्रमुख (१७ जना), उपप्रमुख (९ जना) र सदस्य (२ जना) तथा ७ वटै प्रदेशको सहभागितामा गठन भएको छ । निबर्तमान अध्यक्ष सहित २९ जनको केन्द्रिय समिति रहेको छ ।

स्थानीय शासन ऐन २०५५ ले राखेका प्रावधानका आधारमा महासंघको विधान निर्माण गरी राष्ट्रिय निर्देशन ऐन २०१९ (३) को ४ अनुसार पहिलो पटक बि.सं. २०५२ मा गठन भएको जिल्ला विकास समिति महासंघ नेपाल बि.सं. २०५६ साल पछि झण्डै दुई दशक सम्म स्थानीय निर्वाचन हुननसक्दा तत्कालिन (२०५८ को) कार्य समितिले नै संचालन गरिरहेको थियो । घीय नेपालको संबिधान अनुसार जिल्ला समन्वय समितिमा निर्वाचित पदाधिकारीले पदवहाल गरेपश्चात महासंघमा पनि २०७४ माघमा नयां नेतृत्व निर्वाचित भई तत्कालिन जि.स.स. महासंघ नेपालको सर्पूण जिम्मेवारी लिएको हो । राष्ट्रिय परिषदले नयाँ कार्य समितिलाई दिएको स्वीकृति बमोजिम महासंघको विधान घीयता अनुकुल हुनेगरि संसोधन मसौदा तयार गरि नेपाल सरकारको स्वीकृतिका लागि पेश गरिए बमोजिम जिल्ला समन्वय समिति महासंघ नेपालको विधान २०७५ नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृतिभई (मिति २०७५।६।५) लागुभएको छ ।

महासंघको उपस्थिति र सहकार्यमा विगतमा जिल्ला विकास समितिहरुले आफ्नो जिल्ला भित्रका विकास निमार्णलाई प्रभावकारी बनाएर सम्रग राष्ट्रलाई सामाजिक आर्थिक रुपान्तरणमा सरकारसंग हातेमालो गरेर ठूलो योगदान दिएको थियो । राज्यको नयाँ संरचना सहितको संविधानमा जिल्ला सभाको गठन तथा यसका काम, कर्तब्य र अधिकार (धारा २२० को ७ अनुसार) बारे ब्यवस्था भएको पृष्टभूमिबाट बर्तमान महासंघ संघीय संरचनामा आफ्नो उपस्थिति र भूमिकाका लागि क्रियाशील रहेको छ । नेपाल सरकारले महासंघलाई यसको विधानमा उल्लेख भएका उद्देश्य अनुसार कार्यगर्न स्वीकृति प्रदानगरेबवाट पनि महासंघ घीयता कार्यान्वयनको एउटा अभिन्न अंगका रुपमा सबै तहका सरकारसंग कार्यगर्न सक्षम छ भन्ने प्रमाणित भएको छ । यसका अतिरिक्त महासंघका निर्दिष्ट उद्देश्यहरुका लागि कामगर्ने जमर्को गरेको छ। *यसले लोकतान्त्रिक संघीय गणतन्त्रात्मक शासन ब्यवस्थाको मर्म र भावना अनुकूल स्वायत्त शासन र सहशासनका माध्यमद्वारा जनतालाई राज्यको शासन तथा विकासमा सक्रिय सहभागी हुन वातावरण बनाई अन्तर सरकार समन्वय, सहअस्तित्व र सहकार्यको प्रवर्द्धनमा सहयोग पुर्‍याउने, नेपाल सरकार र संसदलाई जिल्ला समन्वयका सम्बन्धमा सूचना र जिल्ला समन्वय समितिहरुका क्रियाकलापबारे जानकारी गराउने, सदस्य जिल्ला समन्वय समितिहरुलाई साझा मञ्चका साथैं, सूचना र सल्लाह सम्बन्धी सेवा प्रदान गर्ने, जिल्ला समन्वय समितिहरुलाई सुदृढ बनाउने उद्देश्यले विकास कोष स्थापना गर्ने, तथा अन्तर्राष्ट्रिय जगतमा नेपालको स्थानीय शासन प्रणालीलाई सुपरिचित गराएर महासंघको उद्देश्य एवम् भावना अनुरुपका अन्तर्राष्ट्रिय संघ/संस्थाहरुसंग भाइचाराको सम्बन्ध बढाउने* जस्ता बिषयलाई सबैतहका सरकार तथा अन्य सरोकारवाला र संघ/महासंघहरु सितको सहकार्यमा कामगर्दै आएको छ ।

महासंघको यस प्रयासलाई बेलावखतमा जिम्मेवार सरकारका प्रतिनिधि तथा कर्मचारीतन्त्रले आफ्नो मनोगत सोचका आधारमा बर्तमान संर्न्दभमा जिल्ला समन्वय समितिको राजनितिक भूमिका नभएको, राज्यसंचालनमा यो थप ब्ययभार मात्र भएको तथा तोकिएको जिम्मेवारी बहन गर्न नसक्ने राजनितिक मान्छेपाल्ने संरचनामात्र बनेको भनि संबिधानले चिनेको तर ब्यवहारमा नचिने झैं गरेको अवस्था भएपनि वास्तवमा संघीयता

कार्यान्वयनको संक्रमणकालिन अवस्थामा संघीय सरकारसंग सहकार्यका लागि अग्रसर सहयोगी संरचना भएको छ । यसको आवश्यकता छ ।

## केन्द्रिय कार्यसमितिको आठौं बैठक, धनकुटा



मिती २०७६।४।१५ र १६ गते जिल्ला समन्वय समिति धनकुटाको आतित्यथामा यस महासंघका अध्यक्ष श्री सीता कुमारी सुन्दासज्यूको अध्यक्षतामा महासंघको आठौं केन्द्रिय कार्यसमितिको बैठक कृषि अनुसन्धान केन्द्र, पाख्रीबास, धनकुटामा सम्पन्न भयो । महासंघले आफ्ना सदस्य जि.स.स.हरुको क्षमता विकास गरि सबैतहका सरकार संग समन्वय र सहजिकरणको माध्यमबाट सार्वजनिक सेवा प्रवाहको गुणस्तरको सुनिश्चिता, संन्तुलित विकासका आयाम र अभ्यासको प्रबर्द्धन तथा उपलब्ध श्रोत साधनको समुचित प्रयोगका लागि जि.स.स. हरु परिचालित गराउन थप सक्रिया देखाउने क्रममा हालै महासंघ कार्यसमिति पदाधिकारी तथा अन्य आमन्त्रित अतिथिहरुलाई पाख्रीवास नगरपालिकाले सहयोग एवं सत्कार तथा नगरक्षेत्रको अवलोकन एवं जानकारी गराउनुका साथै खाना र आवासको लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गराईदिनु भएको थियो । यसै गरी जिल्ला समन्वय समिति तेह्रथुमका प्रमुख श्री शिव ढुंगानाज्यूले औपचारिक स्वागत तथा आतिथ्यताको आयोजना गर्नुभई महासंघको धियता कार्यान्वयन अभियानमा सक्रियताका साथ महासंघ केन्द्रिय कार्यसमिति सदस्यहरुलाई तेह्रथुमको बसन्तपुरमा बोलाई पर्यटकिय क्षेत्र आर. आर. गार्डेनको भ्रमण गराउनु भएको थियो ।

## महासंघ प्रदेश कार्यसमितिका पदाधिकारीहरुले प्रस्तुत गर्नुभएको हालसम्मको प्रगति विवरणको सारः

**प्रदेश नं. १ :**

प्रदेश समिति अध्यक्ष एवं जि.स.स. खोटाङ्का प्रमुख श्री बबि चाम्लिङज्यूले प्रदेश १ को गतिविधिबारे बताउदै भन्नुभयो : प्रदेश सरकारको तर्फवाट जिल्ला समन्वय समिति ऐन जारी भएको छ । जारी ऐनमा गाउँपालिका र नगरपालिकाको समन्वय गर्नुपर्छ भनेको तर अनुगमन सम्बन्धी व्यवस्थाको बिषय छुटेकोमा सो समावेस गरिदिन प्रदेशमा अनुरोध भएको छ । जिल्ला सभा सञ्चालन ऐन एवं जिल्ला सभा, जिल्ला समन्वय समितिका सेवा सुविधा ऐन बनेको छ । जस अनुसार प्रमुखको रु. ४४,०००।-, उपप्रमुखको ३६,०००।- र १०,०००।- (गाडीभाडा) तथा सदस्यहरुको रु. १९,०००।- तोकिएको छ । यी सेवा सुविधाहरु लगायत ११ वटा शिर्षकमा बजेट व्यवस्था भएको छ । मासिक अनुगमन प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था छ । प्रदेश अन्तरगतका जिल्ला सभा तीन जिल्लाको मात्र भएको छ । महासंघ सदस्यता शुल्क केन्द्रिय भेलापछि पठाएका छैनौं । केन्द्रिय समितिमा १ नं प्रदेशका खोटाङ, भोजपुर र उदयपुर जिल्लावाट प्रतिनिधित्व छ । तीनै जनाको उपस्थिति थियो ।

> राजनितिक नेतृत्वसंग पनि परामर्श तथा दवावका लागि कार्यगर्न सधैलाई आव्हान गर्दै आफ्नो राजनितिक पहुंचको प्रयोगबाट महासंघ र यसको संघीयता कार्यान्वयनमा रहने भूमिकामा उच्चनेतृत्व सहयोगी र सहजकर्ता हुनुपर्नेमा महासंघको धारणा

सुझावः समयमै जिल्लासभाको प्रबन्ध मिलाई गतबर्षको समिक्षा, अनुगमन, समन्वयका राम्रापक्ष र सुधार्नुपर्ने पक्ष केलाउन र आगामी बर्षका पालिकास्तर । प्रदेशस्तर तथा संघीयस्तरका कार्यक्रम र योजनावारे सम्बन्धित पालिका र निकायलाई प्रस्तुतगर्न लगाई त्यसमा जि.स.स.को समन्वय र अनुगमनको प्रक्रियावारे छलफल चलाई निर्णय बनाउँदा कामको प्रभावकारीता हुने कुरामा केन्द्रीय समितिले सुझाएको थियो ।

**प्रदेश नं. २ :** महासंघ केन्द्रिय समितिमा वाराबाट प्रमुख र उपप्रमुख, सिरहावाट, उपप्रमुख, महोत्तरीबाट प्रमुख तथा रौतहटबाट जि.स.स. सदस्य सहित जिल्ला समन्वय समिति सर्लाहीका उप-प्रमुख सदस्य हुनुहुन्छ । उक्त बैठकमा श्री जमुना पराजुली, उपप्रमुख सर्लाहीको मात्र उपस्थिति थियो ।

**सुझाव :** प्रदेश समिति सक्रिय नहुंदा सुचनाको प्रवाह तथा प्रदेशको कार्यदिशाबारे केन्द्रिय समिति अनबिज्ञ हुने भएकाले यसको सक्रियाताका लागि आग्रह गर्दै महासंघका बैठकमा नियमित उपस्थिति हुन पनि सबैमा आग्रह गरिएको छ । बैठकबारे जानकारी पठाउने महासंघ सचिवालयको दाईत्व हो भने पदाधिकारीले बैठकमा आफू उपस्थिति हुनु आवश्यक छ । यदि उपस्थित हुन नसक्ने अवस्था रहेमा पूर्व जानकारी गराउने पनि कर्तब्य हो । सदस्य, पदाधिकारी विच दोहोरो सूचना आदान प्रदान, सहयोग र संस्थागत योगदान दिनेतर्फ सबैले सर्तकता र जिम्मेवारीको बोधगर्नु पर्छ ।

**प्रदेश नं. ३ :** प्रदेश नं ३ महासंघ अध्यक्ष एवं जि.स.स. मकवानपुरका प्रमुख श्री रघुनाथ खुलालज्यूले प्रदेशका सबै १३ जिल्लामा जिल्ला सभा हुदैनगरेको जानकारी गराउनु हुदै प्रदेश समितिको जेठ १७ गते बैठक भएको र महासंघका कामको समिक्षा भएको समेत उल्लेखगर्नु भयो । ३ नं. प्रदेश सरकारले जिल्ला सभा संचालन ऐन र जि.स.स.का पदाधिकारीको सेवा सुविधा ऐन वनाएको, प्रदेश सरकारको निति तथा कार्यक्रममा जि.स.स. हरुलाई समेट्नुका साथै आवश्यक बजेट विनियोजन (१३ जिल्लाको लागि रु. ७ करोड छुट्टिएको छ) भएको जानकारी गराउनुभयो । प्रदेश सरकारको तर्फवाट निती कार्यविधि सहित अख्तियारी पठाउने कार्य हुँदैछ । प्रदेशले ऐन कानूनी बनाउन कन्जुस्याँई गरेको छैन । आवश्यक ऐन कानून र प्रावधान बन्नेछन् र प्रयास पनि जारी छ । काम गर्ने वातावरण छ । महासंघ प्रदेशको असल र सफल कामको उल्लेखगर्दै उहांले प्राकृतिक स्रोतको अप्राकृतिक दोहन रोक्न नेपाल सरकारले दिएको अधिकार र कार्यविधी अनुसार मनपरी गर्नेलाई ७३ लाख जरीवाना गर्दा अदालत सम्म मुद्दा पऱ्यो तर जि.स.स.को निर्णयलाई अदालतले मानेको अवस्था छ भन्नुभयो ।

महासंघको ध्यान नपुगेको तर्फ इंगितगर्दै वहांलेः संविधान र स्थानीय सरकार संचालन ऐनमा जि स स स्थानीय तह भने पनि कर्मचारी समायोजन ऐनमा संघले जि.स.स. हटायो ? यो विषयमा महासंघले वकालत, Lobby गरी प्रष्ट ऐन वा नीतिका लागि भूमिका निभाउनु आवश्यक छ भन्नुभयो।

**जिल्ला सभाले सांसद र प्रदेश सांसदको नामबाट आउने अनुदानको रकम बाट हुने योजनाको जि.स.स. बाट अनुगमन पश्चात फरफाक हुने नीति बनेका छन् ।**

**सुझावः** सिंगो महासंघ र प्रदेश समितिलाई समेत सक्रियता साथ परिचालनगरि संघीयता कार्यान्वयनमा जि.स.स.हरुको भूमिका महत्वपूर्ण रहेको प्रमाणित गर्न प्रदेश ३ सफल भएकोमा केन्द्रिय समिति हार्दिक धन्यवाद दिन्छ साथै महासंघको मौजुदा कार्य समिति गठन पश्चात संघिय सरकारसंग महासंघले संबिधान अनुसारका काम कर्तब्य र अधिकारको परिचालनगर्न महासंघको अगुवाईमा जिल्ला समन्वय समितिहरुलाई आवश्यक ऐन, कानून तथा कार्यविधि वनाई दिन तथा प्रभावकारी कार्य सम्पादनका लागि पदाधिकारी लक्षित क्षमता विकासका कार्यक्रम संचालन, अनुशिक्षण तथा जि.स.स. संचालन सम्बन्धि छुट्टै कानून निमार्ण गरिदिन वा स्थानीय सरकार संचालन ऐन संसोधन गरि जिल्ला सभा तथा जिल्ला समन्वय समिति र यसको महासंघको कार्यवारे प्रष्ट उल्लेख गर्नुका साथै महासंघको नियमित बार्षिक कार्यक्रम संचालनका लागि बजेट ब्यवस्था गरिदिन विभिन्न समयमा निर्णय गर्दै प्रतिनिधि मण्डले सम्बन्धित मन्त्री, सचिव, राष्ट्रिय योजना आयोगमा भेट, बहस, अन्त।क्रिया गरेको र विगत भन्दा हाल विस्तारै यस दिशामा सरकार गंभिर भएर आवश्यक ब्यवस्था गरिदिने गरि मन्त्रालयस्तरमा काम भएको जानकारी स्वयम् विभागिय मन्त्रीले दिनुभएको वारे अवगत गराईयो ।

**गण्डकी प्रदेश** ः गण्डकी प्रदेश महासंघ अध्यक्ष एवं जि.स.स. कास्कीका प्रमुख बैन बहादुर क्षेत्रीले प्रदेश समितिको कार्य सम्पादन बारे जानकारी गराउदै भन्नुभयो ः नियमित बैठक बस्छौं, जिल्ला पिच्छे र जिल्लाको प्रशिक्षण भेला आयोजना भएको थियो । भेलाले १८ बुँदा निर्णय थिए । उक्त अवसरमा मुख्यमन्त्री, कानून मन्त्रीको उपस्थिति थियो । सदस्यता दस्तुर नदिने जिल्ला समन्वय समितिलाई प्रदेश सभाले आवाज उठाएन । प्रदेशका ११ जिल्लामध्ये ६ वटामा जिल्ला सभा भयो ५ वटा बाँकी छ । उहांका अनुसार प्रदेश नीति कार्यक्रममा जि.स.स. लाई सक्रिय बनाइने छ भनेको छ । तर ५५ लाख मात्र रातो कितावमा आयो । यो रकम पुगेन भनेर पहल भएको छ । कानून, कार्यविधी बनेको छैन गण्डकी प्रदेशमा जि.स.स. आवश्यक छ भन्ने महसुस भएको छ । जिल्ला सभाले सांसद र प्रदेश सांसदको नामबाट आउने अनुदानको रकम बाट हुने योजनाको जि.स.स. अनुगमन पश्चात फरफाक हुने नीति बनेका छन् । ८५ वटा स्थानीय तहलाई यातायात सुविधा हुने, वडा अध्यक्ष र कार्यपालिका सदस्यलाई समान सुविधा दिन जि.स.स. ले पहल गरेको पुरा भएको छ

*सुझावः महासंघ गठन भएकै कारणले जिससहरुले राष्ट्रियस्तरको फोरम पाएको तथा प्रधान मन्त्री लगायत संघीय सरकारका मन्त्री, राष्ट्रिय योजना आयोग लगायतलाई ज्ञापन, सुझाव, मस्यौदा दिएर जिल्ला समन्वय समितिका काम र त्यसको राष्ट्रिय विकासमा योगदानको मूल्यांकन हुने गरि आवश्यक नीति, कानून निमार्णका काम भएका छन् जुन एउटा जि.स.स.को प्रयासले संभव थिएन । प्रदेशस्तरमा यो बर्षको निति कार्यक्रममा जि.स.स.का विषय समेटिनु, बजेट ब्यवस्थाको थालनीहुनु सकारात्मक छ यसका लागि महासंघ केन्द्र र प्रदेश समितिहरुले गर्व गर्नु पर्छ । यसबर्ष संघीय सरकारको बजेट बक्तब्यमा नै जि.स.स.हरुको भूमिकाका कार्यक्षेत्र र प्रभावकारीताका लागि कामगर्ने उल्लेख भएको र महासंघले त्यसका लागि पहल गरेको छ ।*

**प्रदेश नं. ५** ः महासंघको केन्द्रीय समितिमा यस प्रदेशवाट प्रमुख २ उप-प्रमुख ३ जनाको प्रतिनिधित्व छ । जि.स.स. गुल्मीका प्रमुख लक्ष्मण पराजुली प्रदेश महासंघ समितिको अध्यक्ष पनि हुनुहुन्छ उहां अनुपस्थित हुनुभयो । उपस्थित पाल्पा, गोरखा र कपिलवस्तुका उप-प्रमुखहरुले लामो समय देखि प्रदेश समितिको बैठक बस्न नसकेको हुँदा आफ्नो जिल्लाका गतिविधिमात्र प्रस्तुत गर्नु भएको थियो । जि.स.स. पाल्पाकी उप-प्रमुख श्री मिरा मरासिनी, जि.स.स. कपिलवस्तु उप-प्रमुख श्री तारावति कुमारी चौधरी र गोर्खाको उप-प्रमुख जनुका अधिकारले प्रदेश समितिको सक्रियता आवश्यक भएकोले केन्द्रले पहल गरिदिन आवाज उठाउनु भएको थियो । प्रदेश ५ मा गत मिति २०७५।८।६ को बैठक पछि अरु बैठक भएका छैनन् ।

**सुझाव** ः केन्द्रिय समिति सबै प्रदेश महासंघ समितिहरुलाई सक्रिय र क्षमतावान बनाउनकै लागि प्रदेशमा प्रदेश समिति बैठक साथै केन्द्रिय समिति बैठक आयोजना गर्ने । महासंघ केन्द्रिय समितिका पदाधिकारी तथा प्रदेश समितिको प्रतिनिधि मण्डलले प्रदेश सरकारसंग सहकार्यका अवसर तथा आवश्यकता अनुसार भेटघाट,अनुरोध र ज्ञापन पत्र दिने र यसको अनुगमन तथा आवश्यकता अनुसार दवाव र राजनितिक लबिङ गर्न थालेको छ । यसमा प्रदेश समितिहरुको साथ आवश्यक छ । सबै पदाधिकारीहरुले महासंघको विधानको अध्ययन गर्न र धारा ६ को प्रबन्ध र परिच्छेद ५ मा भने झैं बैठकको ब्यवस्थापन गर्न अनुरोध छ ।

**कर्णाली प्रदेश** ः यस प्रदेश समितिको २०७६ बैशाखमा पुनर्गठन भयो । अहिले जि.स.स. रुकुम पश्चिमका प्रमुख श्री राजकुमार शर्मा अध्यक्ष हुनुहुन्छ । उहाँ लगायत सुर्खेतका जि.स.स. प्रमुख, दैलेखको उप-प्रमुख गरी ३ जना केन्द्रिय समितिका पदाधिकारी हुनुहुन्छ । यसबैठकमा तीनै जनाको उपस्थिति थियो । प्रदेश अध्यक्ष शर्माले प्रदेश गतिविधिबारे जानकारी दिदै भन्नुभयो ः श्रावण १० र ११ गते प्रदेश बैठक सम्पन्न भएको छ । प्रदेशसभा, ऐन कानून बनेको छैनन् । प्रदेश कानून नबन्दा जिल्ला सभाको औचित्य छैन । सेवा सुविधा मर्यादाक्रमका बीच अन्तरविरोध छ । कर्मचारी छैनन् यसमा सोच्नुपर्नेछ । आन्दोलन गर्न जरुरी छ । संबैधानिक अधिकार प्रयोग गर्ने वातावरण बनाउन महासंघले पहल गर्नु आवश्यक छ । कर्णाली प्रदेशमा संघीयता प्रति नै असन्तुष्टी बढेको अवस्था छ । प्रदेश सरकारसंग अधिकार पाउन महासंघले घचघच्याएको अवस्था छ । उहाँले रुकुम जिल्ला सभाकोष र जिल्लाका सबै पालिकाहरुको योगदानमा हाइड्रो पावर कम्पनी गठन गरेर कार्यान्वयका लागि लगानीको तयारी गरिदै छ भन्ने जानकारी गराउनु भयो । केन्द्रीय समिति बैठकमा सदस्यलाई आफ्ना भनाई राख्न पर्याप्त समय हुनेगरि समयको ब्यवस्थापन मिलाउन सुझाव छ भन्नुभयो ।

**सुझावः** प्रदेशको नयाँ नेतृत्व र त्यसपछिको सक्रियाताका लागि धन्यवाद ज्ञापन गरियो । तथा प्रदेशले उठाएका बिषय प्रकारान्तमा सबै प्रदेश तथा केन्द्रले समेत सोच्नपर्ने विषय भएको र आवश्यकता अनुसार प्रतिनिधि मण्डले राजनितिक नेतृत्वसंग पनि परामर्श तथा दवावका लागि कार्यगर्न सबैलाई आब्हान गर्दै आफ्नो राजनितिक पहुंचको प्रयोगबाट महासंघ र यसको संघीयता कार्यान्वयनमा रहने भूमिकामा उच्चनेतृत्व तह सम्म महसुस गराउन र उहांहरुले सहयोग गर्नुपर्नेमा महासंघको धारणा एउटै रहेको र त्यस अनुसार कार्यगरिने छ ।

**सुदूरपश्चिम प्रदेश** ः महासंघ केन्द्रिय समितिमा सुदुरपश्चिम प्रदेशबाट १ जना प्रमुख, १ जना उप-प्रमुख तथा निर्वमान अध्यक्ष समेत ३ जना हुनुहुन्छ। यस बैठकमा जि.स.स. कञ्चनपुरकी उप-प्रमुख श्री सानु कुमारी बुढ्थापाको मात्र उपस्थिति रहेको थियो । उहांले प्रदेशको तर्फवाट आफ्नो धारणा राख्दैः महिला हिन्सा अन्तका सिलसिलामा safe house जि.स.स.ले संचालनगर्ने कुरा संघको कार्यविधी र प्रदेश कार्यविधी फरक परेको छ । मानव अधिकार/वेचविखन सम्बन्धी काम जि.स.स.ले गर्दा राम्रो हुन्छ । प्रदेशमा प्रमुख जिल्ला अधिकारीलाई जिम्मेवारी दिनेगरी कार्यविधि बन्दैछ। यो जिम्मेवारी निर्वाचित जनप्रतिनिधिलाई दिनुपर्छ । उपप्रमुखलाई जिल्ला समन्वय समिति अन्तरगत बन्ने कार्यदल, समितिमा भूमिका दिईनुपर्छ ।

बजेट तथा श्रोत साधनको अभावले प्राकृतिक स्रोत अनुगमनको कार्य प्रभावित भएको छ । क्षमता विकास तालिम महासंघले आयोजना गर्नुपर्छ । गाडी मर्मत समस्या भयो । नयाँ गाडी किन्दा फाइदा छ यसमा महासंघले पहल गर्नुपर्‍यो भन्नुभयो। त्यपछि बैठकमा उपस्थित सबै पदाधिकारीलाई छोटकरीमा आफनो भनाईको लागि समय दिईएको थियो जसमाः

**श्री छविलाल सिग्देल, प्रमुख, जि.स.स. सुर्खेत** ः माथिका बिषयमा आफ्नो समर्थन रहेको उल्लेख गर्नु भयो ।

**श्री लक्ष्मी देवी शाह, उप-प्रमपुख जि.स.स. दैलेख** ः जिल्ला सम्मन्वय समितिहरुका उप-प्रमुखलाई कामगर्न कठिनाई भएको छ । उप-प्रमुख (महिला) माथिको अन्यायलाई ध्यान दिनु आवश्यक छ ।

**श्री सविना राई, सदस्य, जि.स.स. भोजपुर** ः असार २८ गते गएको पहिरोमा परि ज्यान गुमाएकाहरुका लागि पाँचजना पहिरो पिडितलाई जिल्ला समन्वय समिति भोजपुरका पदाधिकारीले पाँच दिनको तलव राहत स्वरुप दिइएको छ । सबै नभएर छानेका कामको अनुगमन गरका छौं । प्राविधिक नहुँदा निर्माण गुणस्तरको विषय हेर्न सकिएन । पालिकाहरुको कार्य संचालन, संस्थागत प्रवन्ध अनुगमन गराइएको छ । कोष संचालन समितिमा जि.स.स. सदस्यलाई किन समावेस गरिएन । मर्यादाक्रम सरकारले बनाउँदा निर्वाचित जनप्रतिनिधीलाई छुटाउनु नपाउने प्रवन्ध हुनुपर्छ । बैठकमा उपस्थिती र खर्चको विषय र उपलब्धीबारे समिक्षा हुनुपर्छ ।



**श्री बालकुमारी सापकोटा, उप-प्रमुख, जि.स.स. सिन्धुपाल्चोक** ः जि.स.स.को संचित कोषवाट १२ वटै स्थानीय तहलाई दिने कार्य भयो। उप-प्रमुखको कामलाई जिम्मेवारी तथा भूमिका दिईएन । जलवायु सम्मेलनको समिक्षा हुन बाँकी छ महासंघले गर्नुपछ ।

**प्रेमलता घिमिरे गौतम, उप-प्रमुख, जि.स.स. तेह्रथुम** ः अनुगमन कार्य ६ वटै स्थानीय तहमा व्यक्ति तोकेर सघन गरेका छौं । पालिकाहरुमा के के हुँदैछ समिक्षा मात्रले पुगेन कि ? भनेर चौमासिक समिक्षा हुदाँ सभा हुँदैन । संघ प्रदेशमा कार्यहरु अनुगमन सम्बन्धमा जि.स.स.लाई By-Pass गरिएको छ ।

**गंगा राई, उप-प्रमुख, जि.स.स. उदयपुर** ः विकास निर्माण कार्यदल र समितिमा उप-प्रमुख वन्ने व्यवस्थ भए र उप-प्रमुखलाई जि.स.स.मा हुन र बैठकमा स्वतःजाने प्रवन्ध हुनुपर्छ । स्थानीय तहसंग प्रभावकारी समन्वय हुन जि.स.स. लाई अधिकार तोक्नु पर्छ ।

**दिलिप बगाले, उप-प्रमुख, जि.स.स. स्याङ्जा** ः ७७ जिल्लाका उप-प्रमुखहरुको हिनताबोध हुने अवस्था हटाउनु पर्छ । अध्यक्षले आमन्त्रित गरेर पनि उपाध्यक्षलाई बैठकहरुमा राख्न सकिन्छ । महासंघले औचित्य खोजिदैछ यसतर्फ कार्यब्यवस्था मिलाउन सके पालिकाहरु सहयोगी छन, सहकार्य छ।

**सोम पोर्तेल, प्रमुख, जि.स.स. झापा** ः २ वर्षअगाडी महासंघ बनाउँदा उत्साह थियो अहिले महासंघले त्यहिगतिमा कामगनु पर्छ । जि.स.स. का लागि त हामी आफै छौं । जि.स.स.हरु अहिले कौरवको लडाँई जस्तै भयो । प्रमुख र अन्य पदाधिकारी विचको एकता भएन । प्रमुखका प्रस्ताव बैठकमा सहयोग गर्नुहोस । आन्तरिक लडाईले कमजोर भयौं । ७७ जिल्लाका प्रमुख/उपप्रमुख र सदस्यहरुलाई महासंघले हालसम्म निर्देशन गर्न सकेको छैन । तालिम दिनुस खर्च हामी व्यवस्था गर्छौ । संघ, प्रदेशमा महासंघको प्रभाव पुगेन ।

**खडग् बहादुर परियार, प्रमुख, जि.स.स. उदयपुर** ः प्रत्येक जिल्लाका समस्या र उठाउनुपर्ने विषय लेखेर महासंघमा पठाइदिनु हुन आवश्यक छ । प्रदेश महासंघ बलियो बनाउँदा स्वतः सफल हुन्छ । विपत ब्यवस्थापन चनौतीपूर्ण छ । जि.स.स. ले नेतृत्व प्रभावकारी गरेको छ । जिल्लामा विपद ब्यवस्थापन समिती को नेतृत्व CDO होइन जि.स.स. ले लिने हुनुपर्छ ।

**डवल पाण्डे, प्रमुख, जि.स.स. दोलखाः** महासंघ बलियो हुनु आवश्यक छ । नेतृत्वमा पुग्नुमात्र नभएर संस्थागत प्रवन्धमा सबै समेटिनु पर्छ । निरास हुनुहुँदैन यसलाई बलियो बनाउनु पर्छ । सफलताको बाटो खोजौं ।

**नवराज गेलाल, प्रवक्ता जि.स.स. महासंघ** ः महासंघको काम भनेको समसामयिक विषयका मुद्दा उठाउने र सुनुवाई गराउने प्रयासगर्ने मात्र हो । जि.स.स.को संस्थागत उपस्थितिलाई सरकार र राजनितिले बुझ्ने । बजेट/पैसा भएमात्र सबैको चासो हुने नत्र नहुने संस्कार बढेको हो ? जि.स.सहरुले पाएको भूमिका पनि प्रभावकारी बनाउन सकेनन् । समन्वय ऐन बन्दैछ त्यसमा पनि के के प्रावधान राख्ने प्रदेशस्तरको छलफलमा भाग लिनेले उठाउनु होला । अहिलेकै अवस्थामा राज्यले जि.स.स.लाई तेश्रो लिङ्गी बनाएको छ । संघीयता कार्यान्वयनमा जि.स.स.को भूमिका र यसको पचिालन के हुने भन्ने विषय अव अदालतमा खोज्नुपर्ने भएको छ ।

**सन्तमान तामाङ, उपाध्यक्ष, जि.स.स. महासंघ** ः संस्था बनाउन प्रयास गर्नुपर्छ । महासंघको सदस्यता शुल्क प्रदेश समितिलाई पनि आवश्यक हुने प्रवन्ध गर्नुपर्छ । संस्थागत विकास गर्नुपर्छ ।

## राष्ट्रिय सभाका अध्यक्षसंग भेटवार्ता

२०७६ साउन ८ गते, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना र जिल्ला समन्वय समिति महासंघ नेपालका कार्यकारी महासचिव श्री कृष्ण चन्द्र न्यौपाने बिच भेटघाट तथा छलफल सम्पन्न भयो । उक्त भेटमा जिल्ला समन्वय समितिहरुको परिचालनका लागि आवश्यक ऐनहरु नबनेका तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहका संघ महासंघको प्रवन्धबारे उल्लेख नभएको तथा नेपाल सरकारले विगतमा दिंदै आएको अनुदान नदिंदा संघीयत कार्यान्वयनमा संघ/महासंघहरुको भूमिका र आवश्यकताबारे राष्ट्रिय सभा र त्यस अन्तरगतका समितिहरुले आवश्यक पहल गरिदिनुहुन महासंघको तर्फबाट आग्रह गरिएको र सम्माननीय अध्यक्षज्यूले आफूले मिल्ने सहयोग गर्ने बचन दिनुभएको थियो ।



# जि.स.स. मकवानपुरको चौथो जिल्ला सभा भव्यताका साथ सम्पन्न




जिल्ला समन्वय समिति मकवानपुरको चौथो जिल्ला सभा २०७६ श्रावण २६ गते आईतबार भव्यताका साथ सम्पन्न भएको छ । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालज्युको अध्यक्षतामा भएको चौथो जिल्ला सभामा ३ नम्बर प्रदेशका माननिय मुख्यमन्त्री श्री डोरमणि पौडेलज्युको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख रघुनाथ खुलालले जि.स.स. मकवानपुरले हालसम्म गरेका काम तथा आगामि दिनमा गर्ने कामका बारेमा जानकारी गराउनु भएको थियो । उहाँले जिल्ला समन्वय समितिको पहलमा नेपालमै पहिलो पटक सहयोगापेक्षि सडक मानव मुक्त जिल्ला घोषणा गरिएको जानकारी दिनुभयो । त्यस्तै गत आर्थिक वर्षमा स्थानिय तहका जनप्रतिनिधिहरुलाई क्षमता विकास तालिम, न्यायिक समितिका सदस्यहरुलाई क्षमता विकास तालिम, १० वटै स्थानिय तहको गतिविधि समेटीएको मकवानपुर नामक पुस्तक प्रकाशन लगायतका काम गरेको जानकारी दिनुभयो ।

त्यस्तै उहाँले जिल्ला समन्वय समिति मकवानपुरले स्थानिय तहका जनप्रतिनिधहरुलाई जनता प्रति अझै जवाफदेही बनाउन योजना तथा कार्यक्रमको अनुगमन तथा आवश्यक सुझाव समेत प्रदान गरिएको बताउनुभयो । त्यस्तै नदि जन्य पदार्थको अनाधिकृत प्रयोग र दोहनलाई निरुत्साहित र व्यवस्थित गर्ने कार्य गर्दै नियम विपरित कार्य गर्नेलाई कारबाही समेत गरिएको बताउनुभयो । त्यस्तै जिल्लाका सम्पूर्ण स्थानिय तहको पहिचान, प्रतिष्ठा र एकरुपताका लागि पोषाक र लोगो तयार



पारेर लागु गरिएको, एक अर्को स्थानिय तहबिच समन्वय र सहकार्यकालागि हरेक महिनाको २५ गते समन्वय बैठक बस्ने व्यवस्था गरिएको, प्रतिनिधि सभा निर्वाचन क्षेत्रको स्थानीय पुर्वाधार विकासका लागि प्रति निर्वाचन क्षेत्रको बजेटले प्रत्येक स्थानिय तहमा समान बाँडफाँड गरिएको, जिल्ला समन्वय समितिमा रहेको मौजदात कोषके रमकबाट काम गरिएको, पर्यटन र पुर्वाधारका विकासकालागि प्रदेश सरकारलाई सिफारीस गरिएको जानकारी दिनुभयो ।

त्यस्तै जिल्ला स्थित वन, खानेपानि, शिक्षा, स्वास्थ्य, खेलकुद लगायतका क्षेत्रमा समन्वय गरिएको समेत जानकारी दिनुभयो । भुकम्प प्रभावितका सवालमा समन्वय गरिएको जसले भुकम्प प्रभावितका समस्या समाधान भएको बताउनुभयो । त्यस्तै घरेलु तथा साना उद्योग कार्यालयद्वारा स्थानिय तहमा संचालित लघु उद्यम कार्यक्रमलाई प्रभावकारी बनाईएको, जिल्लाका साझा सवालहरु र बहु सरोकारका बिषयमा समय समयमा छलफल, सहजीकरण तथा निर्देशन समेत दिईएको बताउनु भएको छ । उहाँले यस बाहेक पनि जिल्लाको समग्र विकासमा टेवा पुग्ने काममा निरन्तर सहजिकरण र समन्वय गरिएको जानकारी दिनुभएको छ । साथै उहाँले जिल्ला समन्वय समितिले आगामि दिनमा समेत यस्ता समन्वय र सहजिकरणको कामलाई निरन्तररता दिदै पालिकाहरुलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

## जिल्ला समन्वय समितिको भूमिका महत्वपुर्णः मुख्यमन्त्री पौडेल

प्रदेश नं. तीनका मुख्यमन्त्री माननीय डोरमणी पौडेलले जिल्ला समन्वय समितिको भुमिका महत्वपुर्ण रहेको बताउनु भएको छ । जिल्ला समन्वय समिति मकवानपुरको चौथो जिल्ला सभाको हेटौंडामा उद्घाटन गर्दै मुख्यमन्त्री डोरमणि पौडेलले संघीयता सफल बनाउनमा जिल्ला समन्वय समितिको भूमिका महत्वपुर्ण रहने बताउनुभएको हो ।

मुख्यमन्त्री पौडेलले जिल्ला समन्वय समितिको सक्रियता र समन्वयमा काम गर्न प्रदेश र केन्द्र सरकारलाई समेत सहज हुने भएकाले महत्वपुर्ण भूमिका हुने बताउनुभएको हो । मुख्यमन्त्री पौडेलले प्रदेशभित्र रहेका जिल्ला समन्वय समितिको अधिकारहरु थप गर्दै लैजाने तयारी रहेको र जिल्ला समन्वय समिति मकवानपुरले गरेका कामको प्रशंसा गर्दै मुख्यमन्त्री पौडेलले समन्वय समितिलाई बलियो बनाउनु पर्ने

बताउनुभएको हो । समन्वय समितिलाई बिषेश अधिकार दिनु पर्नेमा आफु सहमत रहेको मुख्यमन्त्री पौडेलको भनाई थियो ।

फरक प्रसंगमा मुख्यमन्त्री पौडेलले प्रदेशको स्थायि राजधानी हेटौंडा नै बनाउने पक्षमा आफु रहेको बताउनुभएको छ । मुख्यमन्त्री पौडेलले प्रदेश सरकार सिंह दरबारको छायाँमा नबस्ने बताउनुभयो । उपत्यकामा राजधानी नहुने भन्दै मुख्यमन्त्री पौडेलले स्थायी राजधानी बिकल्प हेटौंडा बाहेक अन्यत्र नहुने बताउनुभएको छ । मुख्यमन्त्री पौडेलले प्रदेश राजधानीको विषयमा विभिन्न कुरा उठेको सन्दर्भ जोड्दै काठमाडौं उपत्यकामा राजधानी बनाउँदा सिंह दरबारको छायाँ पर्ने तर्क गर्नुभयो । त्यस्तै २५ मिटरका सवालमा उहाँले १६/१६ मिटर कायम हुने बताउनुभएको छ । उहाँले राजमार्ग बजारबाट नहुने भन्दै बाइपासको व्यवस्था गरि १६/१६ मिटर कायम गरिने बताउनुभएको हो । राजमार्गको हाइवे बजार क्षेत्रबाट नहुने भन्दै मुख्यमन्त्री पौडेलले बजार भत्काउन नहुने बताउनुभउको छ । सडक विस्तारको विषयमा केन्द्रीय सरकारलाई जानकारी गराएको भन्दै उहाँले वाइपास बनाएर हाइवे सञ्चालन गरि बजार १६/१६ मिटरमात्र भत्काउने बताउनुभयो । वाइपास निर्माणको लागि प्रदेश सरकारले बजेट समेत छुट्याइएको मुख्यमन्त्री पौडेलले बताउनुभएको छ ।




**चौथो जिल्ला सभामा प्रस्तुत प्रस्तावहरु :**

१. जिल्ला समन्वय समितिका प्रमुख श्री रघुनाथ खुलालज्यूबाट प्रस्तुत नीति कार्यक्रम सम्बन्धमा ।
२. जिल्ला समन्वय समितिको बोर्डले विभिन्न मितिमा गरेको निर्णयहरुको अनुमोदन सम्बन्धमा ।
३. जिससको आय व्यय विवरण सम्बन्धमा ।
४. केहि प्रस्ताव सम्बन्धमा

**छलफल तथा निर्णयहरुः**

१. जिल्ला समन्वय समितिका प्रमुख श्री रघुनाथ खुलालज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम उपर छलफल गरी पारिमार्जन सहित सर्व सम्मतिले पारित गरियो ।
२. जिल्ला समन्वय समितिको मिति २०७५ साल असोज १७ गते देखि २०७६ साउन ५ गते सम्म जिसस बोर्डले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।
३. जिल्ला समन्वय समितिको गत आर्थिक बर्ष २०७५/७६ को यथार्थ आयव्यय र चालु आर्थिक बर्ष २०७६/७७ को निम्नानुसारको आयव्यय पारित गरिएको छ ।
४ निम्न प्रस्तावहरु सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

क. बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि आगामी तीन बर्ष भित्रमा सवै पालिकाहरुलाई बालमैत्री पालिका घोषणा गर्दै मकवानपुर जिल्ला नै बालमैत्री जिल्ला घोषणा गर्ने प्रस्ताव पारित गरिन्छ ।

ख. मकवानपुर जिल्लामा २०३२ साल पछि हाल सम्म जग्गाहरुको नापि हुन सकेको छैन र नापि भएका जग्गा धनिहरुले पनि लालपुर्जा पाउन नसकेको अवस्था छ तसर्थ नापि भई सकेका जग्गाधनिलाई लालपूर्जा उपलव्ध गराउन र लामो समय देखि बसाई गरी भोगचलन गर्दै आएको ऐलानि जग्गाहरुको नापि गरी लालपुर्जा दिने व्यवस्थाको लागि संघिय र प्रदेश सरकालाई आग्रह गर्ने ।

ग. नेपाल सरकारले सामाजिक (सुधार) व्यवहार ऐन, २०३३ को माध्यमद्वारा समाजमा रहेको सवै प्रकारका विभेदहरु, असमानताहरु र फजुल खर्चहरुलाई व्यवस्थापन गर्दै सन्तुलित, समानता, न्यायीक र व्यावहार उपयोगि आदर्श समाज स्थापना गर्ने लक्ष्य राखेको हुंदा सामाजिक (सुधार) व्यवहार ऐन, २०३३ को दफा १३ मा उल्लेख भए बमोजिम स्थानीय तहहरुले विवाह, व्रतवन्ध, चुडाकर्म, पास्नी, न्वारन, जन्मदिन, छैठी, पितृकार्य, जस्ता कर्महरु आफ्नो परम्परागत चलन अनुसार विधिसम्मत रुपमा कम खर्चमा गर्ने गराउने, जातिय छुवाछुत, असमान व्यावहार आदि गैर कानुनी कार्यहरुलाई सुधार्दै र कानुनी दायारामा ल्याउन सामाजिक सुधार ऐनलाई कडाईका साथ पालना गर्ने प्रतिवद्धाता जाहेर गरियो ।

घ. मकवानपुर जिल्ला र रौतहत जिल्लाबीच रहेको सिमा विवादका साथै अन्तर पालिकाहरुबीचको सिमा विवादहरुलाई कानुन सम्मत ढंगबाट व्यवस्थपान गर्न संघीय र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

ङ. प्रदेश नं. ३ को स्थायी राजधानीको स्थान हेटौंडालाई तोक्न र प्रदेशको नाम सिघ्र टुङ्गो लगाउन ३ नं. प्रदेश सभालाई हार्दिक आग्रह गर्दछौं ।

च. नेपालको संविधानमा जिल्ला सभालाई स्थानीय तह मानि जिल्ला सभाको काम जिल्ला समन्वय समितिले गर्ने छ भनि व्याख्या भएकोमा कर्मचारी समायोजन ऐन, २०७५ ले स्थानीय तहमा जिल्ला समन्वय समितिलाई नसमेटेको हुंदा उक्त ऐनले गरेको व्यस्था प्रति यो सभा असहमति व्यक्त गर्दछ ।

छ. स्थानीय तहमा आवश्यक जनशक्ति यथासिघ्र पूर्ति गर्न संघिय सरकार समक्ष हार्दिक आग्रह गर्दछ ।

ज. जिसस सदस्यहरुको मर्यादाक्रम तोक्न संघिय सरकार समक्ष हार्दिक आग्रह गर्दछ ।

झ. जिससलाई संविधान अनुसार प्रदत्त अधिकार समन्वय, सहजिकरण र अनुगमन जस्ता कार्यहरुलाई प्रभावकारीताका साथ सम्पन्न गर्न आवश्यक ऐन, कानुन तथा कार्यविधिहरु तर्जुमा गर्न संघिय तथा प्रदेश सरकार समक्ष हार्दिक आग्रह गर्दछ ।

ञ. स्थानीय तहका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि विशेष कार्यक्रमहरु ल्याउन संघीय तथा प्रदेश सरकार समक्ष हार्दिक आग्रह गर्दछ ।

ट. स्थानीय तहहरुका प्रशासकीय भवन निर्माणका लागि आवश्यक स्रोत साधन तथा जग्गा उपलव्ध गराउन संघिय तथा प्रदेश सरकार समक्ष हार्दिक आग्रह गर्दछ ।

ठ. जिल्ला समन्वय समितिको गरिमामय चौथो जिल्ला सभामा आफ्नो अमूल्य समय प्रदान गर्नु भई हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी प्रमुख अतिथिको रुपमा पाल्नु हुने माननीय मुख्यमन्त्री डोरमणि पौडेलज्यू, पूर्व राष्ट्रिय सभाका माननीय केदार न्योपाने, माननीय ललित बस्नेत, प्रदेश सभाका माननीय सन्त बहादुर चेपाङ्ग, प्रमुख सचिव श्री आनन्दराज ढकाल, जिल्ला सभा सदस्यहरु, राजनीतिक दल, कार्यलाय प्रमुख, संचारकर्मी कार्यालय कर्मचारी लगायत सम्पूर्ण सहभागिहरुमा हार्दिक कृतज्ञता सहित आभार र धन्यावद् व्यक्त गर्दछ ।



मजदुर नेता पूर्व सांसद ललित कुमार बस्लेत सम्मानित



सम्मानित उत्कृष्ट कर्मचारी रामकृष्ण थापा ।



सम्मानित पुष्पाञ्जली आमा समुह हेटौंडा ९

## जिल्ला सभामा कर्मचारी लगायत विभिन्न व्यक्तित्वहरुलाई सम्मान

जिल्ला समन्वय समिति मकवानपुरले चौथो जिल्ला सभाका अवसरमा विभिन्न व्यक्ति तथा संस्थालाई सम्मान गरेको छ । समन्वय समितिले जिल्ला सभाका अवसरमा मकवानपुरको स्थानीय तह मध्येमा उत्कृष्ट काम गर्ने थाहा नगरपालिकालाई सम्मान गरेको हो ।

त्यस्तै मजदुर क्षेत्रमा लामो समय सम्म योगदान पुऱ्याउनुभएका हेटौंडा-४ का मजदुर नेता पूर्व सांसद ललित बस्नेत, मकवानपुर गढीका तरकारी किसान बद्री तिमल्सिना, हेटौंडाका बाखापालक किसान गोविन्द सुवेदी, रात्रीकालिन महिला गस्ति गर्ने हेटौंडा-९ को पुष्पान्जली आमा समुहलाई सम्मान गरेको हो । साथै जिल्ला सभाका अवसरमा जिल्ला समन्वय समितिमा लामो समयदेखि काम गर्नुभएका कर्मचारीहरु राम कृष्ण थापा, बिना थिके, डिल्ली रेग्मी र श्याम थापालाई सम्मान गरेको छ ।

कार्यक्रममा पूर्व सांसद तथा नेकपाका पोलिटव्युरो सदस्य केदार न्यौपानेले जनप्रतिनिधिहरुले अन्य पार्टीहरुलाई दोष दिएर उम्किन नपाउने बताएका छन् । कार्यक्रममा प्रदेश सभाका सदस्य सन्त चेपाङ, प्रदेशका प्रमुख सचिव आनन्दराज ढकाल, मकवानपुरका राजनीतिक दलका नेताहरु विभिन्न संघ संस्थाहरुको उपस्थिती रहेको थियो । कार्यक्रममा मकवानपुरका दसवटै स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरुको सहभागिता रहेको थियो ।

# जि.स.स. महासंघ नेपालको प्रतिनिधि मण्डलले विश्व बैंकका पदाधिकारी संग भेट गरे :

मिति २०७६ साउन ७ गते, महासंघले आफ्नो कानूनी हैसियत गत २०७५ आश्विनमा पाएपछि सदस्य जिल्ला समन्वय समिति हरुलाई संविधानको धारा २२० (७) अनुसारका काम, कर्तब्य र अधिकार बारे पारंगत पारी कुसल ब्यवस्थापक जस्तै गरी जि.स.स.हरुले सबै तहका सरकारसंग समन्वय गर्न सकुन । जिल्लामा संचालित विकास आयोजनाले सर्वाङ्गिण विकास र परिवर्तन ल्याउने तर्फ निर्देशनगर्न सकुन तथा सार्वजनिक स्रोत परिचालनबाट अपेक्षा गरिएकै तहमा उलपल्धी हासिल हुन सकोस् भनेर प्रभावकारी अनुगमन तथा प्रगति प्रतिवेदन सार्वजनिक गर्ने प्रयोजनका लागि सिकाई सामाग्री बनाउने अनुगमनका सूचक बनाउने तथा त्यसको प्रयोगको लागि आवश्यक ज्ञान शिप क्षमताका लागि नेपाल सरकार एवं दातानिकायको सहयोगमा तालिम प्रशिक्षणको अपेक्षा गरेको सन्दर्भमा विश्व बैंकले शुरुगर्न लागेको संघीयता कार्यान्वयन सहायता कार्यक्रमको लागि महासंघ सहयोगी संस्था हुने मनसायका साथ विश्वबैंकका सम्बन्धित पदाधिकारीसंग महासंघ प्रतिनिधी मण्डलले परिचयात्मक भेटघाटको अवसर मिलायो । बैंकका Senior Governance Specialist Gabriel Dedu लगायतका कर्मचारी संगको अन्तरक्रिया, महासंघको परिचय आदान प्रदान एउटा सुखद क्षण रह्यो ।




आगामी दिनमा कार्यगत तहमा सहकार्य गर्न सकिने विश्वास राखिएको छ । त्यस भेटमा महासंघ उपाध्यक्ष श्री सन्तमान तामाङ, प्रवक्ता श्री नवराज गेलाल, जि.स.स. ललितपुरका प्रमुख श्री अमर खड्का तथा महासंका कार्यकारी महासचिव श्री कृष्ण चन्द्र न्यौपाने संलग्न हुनुहुन्थ्यो । यो अवसरको प्रबन्ध मिलाई दिने विश्व बैंककी कर्मचारी श्री गाथा रिजालज्यूलाई विशेष धन्यबाद ।

# जि.स.स. भक्तपुरको वार्षिक समिक्षा बैठक सम्पन्न

२०७६ साउन २७ र २८ गते, जिल्ला समन्वय समिति भक्तपुरको आयोजनामा स्थानीय तह, संघ प्रदेशका कार्यालय तथा स्थानीय संघ/संस्थाहरुले गरेको कामको आ.व. २०७५/७६ को जि.स.स. प्रमुख श्री नवराज गेलालको अध्यक्षतामा सांसद माननीय महेश मस्नेतज्यूको प्रमुख आतित्थ्यतामा भक्तपुर जि.स.स. को वार्षिक समिक्षा बैठक सम्पन्न भएको छ । जिल्लामा भएका सरकारी तथा गैरसरकारी कार्यालयले आर्थिक वर्ष ०७५/७६ मा गरेका गतिविधिको समीक्षा सुरु भएको छ । वर्षभरि भएका गतिविधिको समीक्षा गरी कमीकमजोरीलाई सुधार गर्न र छुटेका कामहरू गर्न सुझाउने उद्देश्यले समितिले अर्ध वार्षिक तथा वार्षिक रुपमा समीक्षा गर्दै आएको छ । सबै सरकारी कार्यालयको वार्षिक बजेट, योजना र खर्च भएको विवरण प्रस्तुत गर्ने कार्यसूची थियो । तर, समीक्षा कार्यक्रममा स्थानीय सरकारको नेतृत्वमा रहेका जनप्रतिनिधि नै अनुपस्थित रहे ।

कार्यालय प्रमुख, कर्मचारी र संघसंस्थाका प्रतिनिधिको बाहुल्य उपस्थितिमा समीक्षा सुरु भएको छ । चाँगुनारायण नगरपालिकाका मेयर सोमप्रसाद मिश्र आफ्नो मन्तब्य राखेर कार्यक्रमको सुरुवातमै निस्किए । मध्याह्न नबित्दै उप-प्रमुख विना बास्तोला पनि निस्किइन् । सूर्यविनायकका मेयर वासुदेव थापा, मध्यपुरथिमिका मेयर मदनसुन्दर श्रेष्ठ र भक्तपुर नगरपालिकाका मेयर सुनील प्रजापति कार्यक्रममा आएनन् । कार्यक्रममा अतिथिका रुपमा आएका सांसद महेश बस्नेत र प्रदेश सांसद शशीजंग थापा पनि मध्य दिनमै भाषण गरेर बाहिरिए । हलमा जि.स.स. प्रमुख नवराज गेलाल, उप-प्रमुख सरिता कुँवर र सूर्यविनायकका उप-प्रमुख जुना बस्नेत मात्रै अन्त्यसम्म बसे । समीक्षा कार्यक्रममा निम्त्याइएका भक्तपुर-१ का सांसद प्रेम सुवाल र अन्य प्रदेशका सांसद समेत आएनन् । कार्यक्रममा सोमबार सूर्यविनायक नगरपालिका, चाँगुनारायण नगरपालिका, डिभिजन सडक, डिभिजन वन कार्यालय र भक्तपुर जिल्ला अस्पतालले आर्थिक वर्ष ०७५/७६ मा भएको वार्षिक प्रगति विवरण प्रस्तुत गरेका जिल्ला समन्वय अधिकारी कृष्णप्रसाद धितालले जानकारी दिए । यस्तै, प्रदेश पूर्वाधार कार्यालय काभ्रे, जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा), जिल्ला आयोजना कार्यान्वयन एकाइ (पूर्वाधार) र उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्त कार्यालयले आर्थिक ०७५/७६ मा भएको वार्षिक प्रगति विवरण प्रस्तुत गरेका छन् । दूरसञ्चार कार्यालय र भक्तपुर नगरपालिकाले मंगलबार प्रगति प्रस्तुत गर्ने जनाएका समन्वय अधिकारी धितालले बताए । विद्युत् प्राधिकरण, प्रदेश ३ अन्तर्गतका जलस्रोत तथा सिँचाइ डिभिजन, स्वास्थ्य कार्यालय र खानेपानी डिभिजन







५ नम्बर कार्यालय पनि समीक्षामा सहभागी नभएको उनले जानकारी दिए । मंगलबार जिल्लाका गैरसरकारी संघसंस्था र परियोजनाको समेत प्रगतिमाथि समीक्षा गर्ने कार्यतालिका छ ।

### आर्थिक वर्ष ०७५/७६ मा

१. चाँगुनारायण नगरपालिकाले ७५ प्रतिशत अर्थात् ८८ करोड ५२ लाख ८१ हजार नौ सय ३६ रुपैयाँ खर्च गरेको छ । एक अर्ब १८ करोड चार लाख सात हजार चार सय २८ रुपैयाँमध्ये पुँजीगततर्फ ४७ करोड ८३ लाख ६२ हजार दुई सय ४८ रुपैयाँ र चालूतर्फ ४१ करोड ६८ लाख १८ हजार ६ सय ८७ रुपैयाँ खर्च गरेको छ ।

२. सूर्यविनायक नगरपालिकाले ७६ करोड ४५ लाख २७ हजार रुपैयाँमध्ये ३१ करोड ८६ लाख २२ हजार र पुँजीगततर्फ ४८ करोड दुई लाख ८३ हजार रुपैयाँ खर्च गरेको छ ।

३. डिभिजन सडक कार्यालयले ७७ करोड ६८ लाख नौ हजार रुपैयाँमध्ये ६३ करोड नौ लाख ८७ हजार रुपैयाँ खर्च गरेको छ ।

४. उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्त कार्यालयले कुल ५० करोड १३ लाख रुपैयाँमध्ये ५० करोड १२ लाख ८६ हजार रुपैयाँ खर्च गरेको छ ।

### सरकारी कार्यालयको वार्षिक समीक्षामा जनप्रतिनिधि नै आएनन्

सांसद बस्नेत कार्यक्रममा संघीय सांसद महेश बस्नेतले समीक्षालाई औपचारिकताका रूपमा मात्रै नलिन सुझाव दिएका छन् । आम्दानी र खर्च मात्रै सुनाएर समीक्षा सकिनु हुन्न । स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिलाई आफैँमाथि आलोचनात्मक बन्न सुझाव दिए । तपाँईहरू आलोचनात्मक बन्नुस्, गल्ती कमजोरी पत्ता लगाएर सुधार्नेतर्फ केन्द्रित हुनुस् । आफूलाई सधैँका लागि जनप्रतिनिधि भएको दम्भ नगर्न समेत सुझाए । स्थानीय विकास आफ्नै लागि हो, पाँच वर्षपछाडि चप्पल पड्काउने कि ? जुत्ता टल्काउने ? त्यो तपाईको आफनै हातमा छ ।

वार्षिक समीक्षा गोष्ठीमा सहभागी हुँदा आम्दानी र खर्चको विवरण मात्रै सुन्ने र सुनाउने नगर्न आग्रह गरे । यहाँ कति आम्दानी भयो, कति खर्च भयो भन्ने कुरा मुख्य हैन, कस्ता योजना, कहाँ सञ्चालन भए, कति गुणस्तरीय काम भयो कसले फाईदा लिए भन्नेचाहिँ महत्वपूर्ण हो, यहाँ सबैलाई हतार देखियो, सबै आफू बोलेर हिँडिहाल्ने देखियो भन्नुभयो ।

# जि.स.स. काठमाण्डौंको जिल्ला सभाले २०७६/७७ को निती तथा कार्यक्रम स्वीकृत गऱ्यो

**काठमाण्डौं जिल्ला समन्वय समितिले मिति २०७६ साउन २४ गते जिल्ला सभा सम्पन्न गरेको छ । उक्त जिल्ला सभाले २०७६/७७ को निती तथा कार्यक्रम स्वीकृत गऱ्यो । यसै सन्दर्भमा, चालु आ.व. मा पनि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति एवं कार्यक्रम, चालु आवाधिक योजना तथा दिगो विकासका लक्ष्य एवं नेपाल सरकारको मागनिर्देशन र उपलब्ध स्रोत साधन समेतको मध्यनजर गरी चालु आ.व. २०७६।०७७ का लागि जि.स.स.ले देहायको नीति तथा कार्यक्रम तय गरिएको छ :**

## आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम

१) स्थानीयस्तरमा संचालित विकास योजनाहरू तर्जुमा तथा कार्यान्वयन एवं सन्तुलित विकासको लागि समन्वय र सहजीकरण गर्ने ।

२) स्थानीय तहाका पदाधिकारी तथा कर्मचारीहरूलाई सीप तथा क्षमता विकासका लागी संघीय सरकार, प्रदेश सरकार वाट उपलब्ध स्रोत साधन वमोजिम स्थानीय तहहरूसंग समन्वय गरी आवश्यक कार्यक्रम संचालन गर्ने, गराउने व्यवस्था गर्ने ।

३) स्थानीय तहको सेवाप्रवाहलाई सरल र व्यवस्थित बनाउन आवश्यक पर्ने भौतिक संरचना जस्तै प्रशासनिक भवन तथा वडा कार्यालयहरूका भवन निर्माणका लागि जि.स.स. को मौज्दात कोषबाट आवश्यक बजेट उपलब्ध गराई स्थानीय तहसंगको सझेदारीमा पूर्वाधार विकासका कार्यक्रमहरू संचालन गर्ने ।

४ वातवरणीय स्वच्छता कायम गरी सहरलाई स्वच्छ, सफा र सुन्दर बनाउन सहरी हरियाली प्रवर्द्धन, फोहोरमैलाको उचित व्यवस्थापन र वातावरणको संरक्षण जस्ता कार्यक्रमहरूको एकीकृत कार्ययोजना बनाई कार्यान्वयन गर्न सहयोगी र समन्वयकारी भूमिका निर्वाह गर्ने ।

५) प्राकृतिक श्रोत (ढुंगा, गिट्टी, बालुवा, माटोजन्य पदार्थ जस्ता) निर्माण समाग्रीहरूको उत्खनन, संकलन र व्यवस्थापनमा आवश्यक समन्वय र सहजिकरण गरि विकास निर्माणको कार्यमा सहजता प्रदान गर्ने । गैर कानूनी रूपमा हुने प्राकृतिक श्रोतको दोहन (उत्खनन, संकलन र ओसार प्रसार जस्ता) कार्यको नियन्त्रण गर्न आवश्यक प्रबर्द्धन गर्ने ।

६) काठमाण्डौं क्षेत्रभित्र संभाव्य विपद्वाट हुन सक्ने क्षतिलाई मध्यनजर गर्दै, विपद जोखिम न्यूनीकरण र व्यवस्थापन सम्वन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहहरू एवं अन्तरक्षेत्रगत निकायहरू बीच आपसी समन्वय र सहकार्यको वातावरण सिर्जना गरि एकीकृत ढंगबाट कार्यक्रम संचालन गर्ने ।

७) संघ, प्रदेश र स्थानीय तहबीचमा जिल्ला समन्वय समितिको समन्वयकारी भूमिकालाई थप प्रभावकारी र सक्रिय बनाउदै, स्थानीय तहवाट संचालित योजना तथा कार्यक्रमहरूको गुणस्तरीयता सुनिश्चित गर्न अनुगमन तथा निरीक्षणलाई व्यवस्थित र नतिजा उन्मुख बनाउने ।




८) जिल्लाभित्र संचालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको योजना तथा कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि गरी लक्षित नतिजा प्राप्त गर्न एवं योजना तथा कार्यक्रममा दोहोरोपन हटाई स्थानीय पालिका, स्थानीय प्रशासन र विषय क्षेत्रगत निकायहरूसंगको समन्वयन र सहकार्यमा अनुगमन र निरीक्षणलाई व्यवस्थित र प्रभावकारी बनाउने ।

९) स्थानीयतहको सेवाप्रवाहलाई सरल, व्यवस्थित बनाई सुशासन र पारदर्शिता कायम गर्न विशेष भूमिका निर्वाह गर्ने ।

१०) सरकारको राष्ट्रिय नीति र लक्ष्य अनुसार काठमाडौं जिल्लालाई अभिलम्ब खुल्ला दिशामुक्त जिल्ला घोषणा गरि सम्पूर्ण स्थानीय तहहरूमा पूर्ण सरसफाई कार्यक्रमलाई अभियानको रूपमा अगाडि बढाउन समन्वयकारी भुमिका निर्वाह गर्ने ।

११) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै युवाको सर्वाङ्गीण विकास, सशक्तिकरण र युवा उद्यमशिलता लागि जिल्लास्तरीय अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनीको आयोजना गर्ने, गराउने व्यवस्था मिलाउने ।

१२) समाजमा रहेको लैंगिक विभेदको अन्त्य गर्दै महिलाको क्षमता, श्रम, सीप र सिर्जनालाई विकास प्रक्रियमा लागाई समाजिक समानता कायम गर्न सम्बन्धीत निकायहरूबाट कार्यक्रमहरू संचालन गर्ने, गराउने तथा सम्बन्धित क्षेत्रबाट संचालित कार्यक्रमको अनुगमन, निरीक्षण, समन्वय तथा सहजीकरण गर्ने ।

१३) नेपाल सरकारले अवलम्वन गरेको नीति अनुरूप स्थानीय तहले बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्ग मैत्री, वातावरणमैत्री, पूर्णखोप, साक्षरता अभियान जस्ता क्रियाकलाप संचालन गर्न आवश्यक समन्वय गर्ने र सो गरे नगरेको अनुगमन गर्ने ।

१४) भुकम्प प्रभावित एवं पिडित भई विस्थापित परिवारलाई राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले तोकेको मापदण्ड र कार्यविधि बमोजिम स्थानीय तहसंगको समन्वय र सहजिकरणमा घर पुनर्निर्माण गरी पुर्नस्थापना गर्ने कार्यमा सहयोग गर्ने ।

# जिल्ला समन्वय समिति मकवानपुरको अनुगमन तथा सहजिकरण

नेपालको संविधानको धारा २२० ले जिल्ला समन्वय समितिलाई समन्वय, सहजिकरण र अनुगमन गर्ने कार्यहरुको जिम्मेवारी तोकेको छ। परिवर्तित सन्दर्भमा संविधानमा उल्लेख भए बमोजिम जि.स.स.ले संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य निकायहरुबीच समन्वय, सहजिकरण र ती निकायहरबाट सम्पादित कार्यहरुको अनुगमन गर्ने जस्ता कार्यहरु गर्दै आईरहेकको छ।

जिल्ला समन्वय समितिले जिल्लाका दसवटै स्थानीय तहहरुद्धारा संचालित विकास कार्यक्रमका साथ साथै सुशासन र संस्थागत विकासको पाटोको पनि अनुगमन गर्ने गरेको छ। अनुगमन गर्ने कार्यलाई स्थलगत रुपमा अवलोकन गर्ने, उपभोक्ता, सरोकारवालाहरुसंग अन्तरक्रिया गर्ने र बैठकहरुको आयोजना गरी छलफल गर्ने आदि विधिहरु अवलम्वन गर्दै आएको छ।

बार्षिक रुपमा पालिकाहरुको कार्यहरुको बार्षिक समीक्षा गर्ने, मासिक रुपमा नियमित स्थानीय तह समन्वय बैठक बसि समसामयिक विषयहरुमा छलफल गर्ने र आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने कार्यले स्थानीय तहबीच आपसी सद्भाव, सहयोग र समन्वयको राम्रो वातावरण विकास भएको छ।

जिल्ला समन्वय समितिले स्थानीय तहहरुको मात्र नभै संघ संस्थानहरु, गैर सरकारी संस्थाहरु, निजी क्षेत्रहरुबीचको समस्या र आवश्यकतामा समन्वय र सहजिकरण गर्दै आएको छ भने गैर सरकारी संस्थाहरुद्धारा संचालित कार्यहरुको पनि अनुगमन गर्ने गरिएको छ। यस क्रममा गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत संचालित कार्यक्रमहरुको स्थलगत अनुगमन गरिएको थियो।

यस जिल्लामा गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनमा रहेको छ। घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरको आर्थिक सहयोगमा दुईवटा स्थानीय गैरसरकारी संस्थाहरु चयन गरी जिल्लाका दशवटै पालिकाहरुमा यो कार्यक्रम संचालनमा रहेको छ। एकिकृत ग्रामिण विकास सेवा नामक गैसस मार्फत हेटौंडा उप-महानगरपालिका, मकवानपुरगढी, बकैया, बागमति र भीमफेदी गाउँपालिकामा कार्यक्रम संचालनमा रहेका छन् भने महिला सशक्तिकरण तथा गरिबी निवारण समूह, नेपाल मार्फत थाहा नगरपालिका, मनहरी गाँउपालिका, कैलाश गाँउपालिका, राक्सिराङ गाँउपालिका र इन्द्रसरोवर गाँउपालिकाहरुमा कार्यक्रम लागु भएको छ। यी दुवै गैरसरकारी संस्थाहरुद्धारा दशै पालिकाहरुमा संचालित सिप तथा आयमूलक कार्यक्रमहरुको अनुगमन जिल्ला उद्यम विकास समितिका पदाधिकारीहरुले हालै स्थलगत अनुगमन गऱ्यो। जि.स.स. प्रमुख श्री रघुनाथ खुलाल र घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख श्री जगन्नाथ दाहाल, पत्रकार लगायतका टोलिद्धारा दुवै संस्थाहरुद्धारा संचालित उद्यम विकास कार्यक्रमहरुको स्थलगत अनुगमन गरिएको थियो।

एकिकृत ग्रामिण विकास सेवा मार्फत संचालित MEDPA (लघु उद्यम विकास कार्यक्रमको) कार्यक्रमको स्थलगन अनुगमन गरियो। वाग्मती र बकैया गाउँपालिकामा संचालित कार्यक्रमहरुको अनुगमन गर्न जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख, जिल्ला समन्वय अधिकारी, पत्रकार र अन्य सरोकार निकायहरु समेतको सहभागितामा कार्यक्रमहरुको अनुगमन गरिएको थियो। हेटौंडा उप-महानगरपालिका, मकवानपुरगढी, बकैया, बागमति र भीमफेदी गाउँपालिकामा १५ दिनदेखि ९० दिनसम्मको तालिम सञ्चालन गरिएको छ। यस वर्ष नयाँ तथा पुराना गरी ३ सय ६९ जनालाई लघुउद्यम विकास सम्बन्धी तालिम प्रदान गरिएको छ। अनुगमनका क्रममा सहभागीसँग अन्तरक्रिया गर्नुहुदै कार्यक्रमको प्रभावकारिता मूल्यांकन गर्नुभएको छ। तालिममा सहभागीलाई प्रमुख खुलालले सिकेको सीपका आधारमा उद्यमी, व्यवसायी बन्न आग्रह गर्नुभयो। उद्यमी, व्यवसायी भएर आयआर्जन गर्नुका साथै जीवनस्तरमा पनि सुधार जरुरी रहेको उहाँले औल्याउनुभयो।

त्यसैगरी महिला सशक्तिकरण तथा गरिबी निवारण समूह, नेपाल मार्फत जिल्लाका (क्लस्टर २) का ५ वटा स्थानिय तहहरु थाहा नगरपालिका, मनहरी गाँउपालिका, कैलाश गाँउपालिका, राक्सिराङ गाँउपालिका, इन्द्रसरोवर गाँउपालिकाहरुमा संचालित लघु उद्यम विकास कार्यक्रमको स्थलगत अनुगमन गरियो। अति गरिब, सामाजिक रुपमा बहिस्कृत समुदाय महिला, दलित, अपाङ्गता, आदिबासी जनजातीहरुको आर्थिक तथा सामाजिक विकासको लागि ५ वटा स्थानिय तहहरुका २०२ जना नयाँ लघु उद्यमी सृजना र १३१ जना भइरहेका लघुउद्यमीहरुको स्तरोन्नतीको क्रियाकलापहरु संचालन भई सम्मपन्न भएको छ।




सिलाई कटाई तालिम



मोबाईल मर्मत तालिम

## मकवानपुरमा भूकम्पबाट क्षति भई पुनर्निर्माण भएका विद्यालयहरुको अनुगमन

भुकम्प पुनर्निर्माण जिल्ला सहजीकरण समितिका अध्यक्ष तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख श्री रघुनाथ खुलाल, उप-प्रमुख श्री भगवती पुडासैनी, आयोजना प्रमुख श्री बद्री बहादुर पाठक, सामाजिक विकास अधिकृत श्री रामकृष्ण थापा सहितका पदाधिकारीबाट पुनर्निमाण भएका विद्यालयहरुको अनुगमन गरियो । अनुगमन गरिएका विद्यालयहरु:

१. बुद्ध मा.वि. हात्तिसुढे बकैया गा.पा.मा जापान सरकारको ऋण सहयोगमा निर्माण भइरहेको

२. जनता मा.वि. फापरबारी चारकोठे भवनको अनुगमन जुन भवनमा हाल काम भैरहेको पाइएन स्थानीय तहबाट रकम निकासा नभएको

३. वाग्मति मा.वि. राइगाउँ वाग्मति गा.पा. जापान सरकारको ऋण सहयोगमा निर्माण भइरहेको काम अन्तिम चरणमा रहेको

४. सूर्य मा.वि. माझगाउँ जापान सरकारको ऋण सहयोगमा निर्माण भइरहेको काम अन्तिम चरणमा रहेको

५. वाग्मति आधारभूत विद्यालय भारतीय दुतावासको सहयोगमा निर्माण सम्पन्न भएपनि केही काम बाँकी रहेको

६. देवकी मा.वि. फापरबारी जापान सरकारको ऋण सहयोगमा निर्माण सम्पन्न भइसकेको



भुकम्पवाट क्षति भएका विद्यालयको पुर्ननिर्माण अनुगमन

## भारतीय दुतावास मार्फत निर्माण भएको विद्यालय अनुगमन

भारतीय दूताबासको आर्थिक तथा प्राविधक सहयोगमा साविक फापरबारी गाविस र हाल वाग्मती गाउँपालिका वडा नं. ५ को वाग्तमती आधारभूत नि.मा.वि.को दुई तले भवनको निर्माण कार्य हालै सम्पन्न भएको छ । ८ कोठा भवन निर्माण सम्पन्न भई हस्तान्तरण चरण रहेको छ । अनुगमनको क्रममा भर्याङ्गको काम अधुरो रहेको र भवनको उत्तर तर्फको जग धसेको जस्तो देखिएको छ । उक्त भवनको जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख श्री रघुनाथ खुलाल, उपप्रमुख श्री भगवती पुडासैनी, आयोजना प्रमुख श्री बद्री बहादुर पाठक, सामाजिक विकास अधिकृत श्री रामकृष्ण थापा सहितका पदाधिकारीबाट पुनर्निमाण भएका विद्यालयहरुको अनुगमन गरिएको थियो ।



## स्थानीय तह समन्वय बैठक एवं पुस्तक सार्वजनिक कार्यक्रम



जिल्ला समन्वय समिति, मकवानपुरको ८ औं स्थानीय तह समन्वय बैठक एवं पुस्तक सार्वजनिक कार्यक्रम २०७६ असार २५ गते सम्पन्न भयो । प्रदेश नं. ३ का माननीय मुख्यमन्त्रि डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त बैठक जि.स.स. प्रमुख श्री रघुनाथ खुलालको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त अवसरमा प्रमुख अतिथि पौडेलले जिल्ला समन्वय समितिले विविध विकास गतिविधिहरु समेती प्रकाशन गरेको मकवानपुर नामक पुस्तकको पनि विमोचन गर्नु भएको थियो । कार्यक्रम आउनु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि एवं सहभागिहरुलाई जि.स.स. उप-प्रमुख श्री भगवती पुडासैनीले गर्नु भएको थियो । कार्यक्रममा दस वटै पालिकाका प्रमुख/प्रतिनिधि, नीति योजना

आयोगका उपाध्यक्ष, प्रमुख सचिव, प्रमुख जिल्ला अधिकारी, राजनीतिक दलका प्रमुख/प्रतिनिधि, कार्यालय प्रमुख/प्रतिनिधि र संचारकर्मीहरुको सहभागिता थियो ।

बैठकलाई सम्बोधन गर्नु हुंदै मुख्यमन्त्रि पौडेलले अधिकार भएन मात्रै हैनकी भएको र पाएको अधिकारको राम्रो प्रयोग गर्न मात्र सके पनि देशमा एक किसिमको सकारात्मक परिवर्तन आउन सक्दछ । संविधानले जिल्ला समन्वय समितिलाई थोरै अधिकार दिए पनि जिल्ला समन्वय समिति, मकवानपुरले धेरै र महत्वपूर्ण काम गर्न सफल रहेको बताउनु भयो । उहाँले स्थानीय तह, राजनीतिक दल, निजी क्षेत्र, सरकारी कार्यलयका प्रतिनिधिहरुले मकवानपुर जि.स.स.को समन्वयकारी कामबाट सहज र सम्मानजनक वातावरण विकास भएको बताउनु आफैमा सकारात्मक कार्य भएको बताउनु भयो ।

मन्तव्यको क्रममा थोरै अधिकार हुंदा पनि तिनवटै सरकारका बीच हो घिीयता पहिलो अभ्यास गर्ने हामी नै भएको हुंदा नियम, कानुनका, कर्मचारी र स्रोतको अभावमा पनि हामीले धेरथोर विकासका राम्रा कामहरु गर्न सक्षम भएको छौं । ती राम्रा कामहरुलाई बाहिर ल्याउन जरुरी छ भने अर्का तर्फ विकासको नाममा पहाड फोरेर जथाभावि बाटो बनाउँदा विकास नभई विनास हुन पुग्ला त्यस तर्फ सजग हुन निर्वाचित प्रतिनिधिहरुलाई आग्रह गर्नु भयो । प्रदेश सभाका सदस्य प्रेम पुलामीले संविधानमा कम अधिकार दिए पनि जि.स.स. मकवानपुरले सबैसंग समन्वय गरेर काम गर्न सकेको बताउनु भयो । प्रमुख सचिव श्री आनन्दराज ढकालले जिल्ला समन्वय समितिहरुको क्षमता बढाउन, जिम्मेवारी बढाउन तथा अझ प्रभावकारी अनुगमन र समन्वयलाई बढाउन प्रदेश सरकारले खेल्नु पर्ने भूमिकामा कहि कतै कन्जुसाई नभएको र नगर्ने समेत बताउनु हुंदै जिल्ला समन्वय समितिको कामको प्रशंसा गर्नु भयो ।

प्रमुख जिल्ला अधिकारी श्री अस्मान तामाङले जिल्लाको विकास र शान्ति सुव्यवस्थामा जिल्ला समन्वय समितिसंगको सहकार्यले काममा सहजता आएको बताउनु भयो । वहांले नदिजन्य पदार्थको अनुगमन गर्न, सडक अवरुद्ध हुंदाको बखत लगायत अन्य विकास निर्माणमा समेत जिल्ला समन्वय समितिसंगको सहकार्यले काम सहज भएको अनुभव सुनाउनु भयो ।

उपाध्यक्षहरुको तर्फबाट वाग्मती गाउँपालिकाका उपाध्यक्ष श्री धनमाया स्याङ्तान, राक्सिराङ्ग गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्ल, मकवानपुरगढी गाउँपालिका अध्यक्ष श्री विदुर हुमागाई, गै.स.स. महासंघको तर्फबाट अध्यक्ष श्री कृष्ण धिताल, निजी क्षेत्रहरुको तर्फबाट उद्योग संघ मकवानपुरका अध्यक्ष श्री नवराज अर्याल, नेपाल पत्रकार महासंघ ३ नं. प्रदेश अध्यक्ष श्री प्रताप विष्ट, दलहरुको तर्फबाट नेपाली कांग्रेसका तर्फबाट राजिव सुवेदि लगायतकाले मन्तव्य राख्नु भएको थियो ।





## संघीय मामिला तथा समान्य प्रशासन मन्त्री सित महासंघ प्रतिनिधि मण्डलको भेट

**मिति २०७६ साउन २३ गते, जिल्ला समन्वय समितिहरुको संवैधानिक अधिकार क्षेत्रको प्रभावकारीताको लागि आवश्यक कानूनी व्यवस्था र स्रोत साधनको उचित व्यवस्थापनको विषयमा संघीय मामिला तथा समान्य प्रशासन मन्त्री लालबाबु पण्डितसंग छलफल तथा भेटवार्ता भयो ।**

**यसैगरी महासघंको प्रतिनिधि मण्डलले विभिन्न मन्त्रालयको मन्त्रीहरुसँग छलफल तथा भेटवार्ता भयो । उक्त प्रतिनिधि मण्डलमा अध्यक्ष श्री सिता कुमारी सुन्दास, प्रवक्ता श्री नवराज गेलाल, केन्द्रिय सदस्यहरु, तथा विभिन्न जिल्ला समन्वय समितिका प्रमुखहरु/उपप्रमुखहरु र सदस्यहरु लगायतको सहभागिता थियो ।**



# जिल्ला समन्वय समितिहरुको जिल्लास्थित अनुगमन गतिविधि

## जिल्ला समन्वय समिति डडेलधुरा




सुदूरपश्चिम प्रदेश सभाका अर्थमन्त्री सम्मानीय श्री झपट वोहराज्यूको प्रमुख अथिति तथा सु.प. समन्वय समिति महासंघका अध्यक्ष श्री गणेश राज भट्टको अध्यक्षयतामा प्रथम प्रदेश भेला २०७६/०१/२३ मा सम्पन्न ।



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सम्मानीय श्री गिरीराजमणी पोखरेलज्यूको प्रमुख आथित्यता तथा जि.स.स. डडेल्धुराका प्रमुख श्री गणेश राज भट्टज्यूको अध्यक्षतामा डडेल्धुरा साक्षर जिल्ला घोषणा कार्यक्रम उद्घाटन समारोह २०७६



जि.स.स.प्रमुख र उप-प्रमुख अमरगढी नगरपालीका वडा न.१० राईको सहस्त्रलिङ्ग मन्दिर अनुगमन




बुरड जोगबुडा निर्माणाधीन कालोपत्रे सडक अनुगमनका क्रममा जि.स.स. प्रमुख, उपप्रमुख, सदस्य र समुन्वय अधिकारी ।



परशुराम न.पा. वडा न. ४ जोगबुडा कटाल शिर्ष खानेपानी टंकी अनुगमनको क्रममा प्रमुखज्यू



जि.स.स.प्रमुख श्री गणेश राज भट्ट शिर्ष मार्कु अचलसेन सडक निर्माण योजना अनुगमन गरिरहेको ।



श्री महेन्द्र माध्यमिक विद्यालय खलंगा डडेल्धुरामा प्रविधिक धारमा अध्ययनरत विधार्थीहरुले निर्माण गरेका इलेक्टोनिक सामग्रीहरु अवलोकन गर्दै जि.स.स. प्रमुख



जि.स.स.का सदस्यज्यूहरुले अमरगढी नगरपालीका वडा न.४ बागबजार टुडिखेल सडक अनुगमन साथमा अ.न.पा.४ का वडा अध्यक्ष



जि.स.स. डडेल्धुराका प्रमुख, उपप्रमुख र समन्वय अधिकारी परशुराम न.पा. जोगाबुडामा डिटस्द्धारा सञ्चालित कढाही तालिम अनुगमन

## जिल्ला समन्वय समिति सुर्खेत





जि.स.स. सुर्खेतका प्रमुख श्री छविलाल सिग्देल नागरिक समाजका प्रतिनिधिज्यूबाट स्थानीय तहमा सुशासन र समग्र योजनाका बारेमा जानकारी ज्ञापन-पत्र बुझ्दै ।

## जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेश






२०७६ श्रावण १०-११ गते, महासंघ कर्णाली प्रदेशको बैठक बसि समन्वय समितिको व्यवस्थित र प्रभाबकारी परिचालनका लागि आवश्यक ऐन कानूनको र बजेटको व्यवस्था बिषयमा मुख्यमन्त्री, योजना तथा अर्थमन्त्री, आन्तरिक मामिला तथा कानुन मंत्रीसंग माग-पत्र प्रस्तुत गर्नुका साथै छलफल गरेको अवस्था ।

## जिल्ला समन्वय समिति स्याङ्जा






जि.स.स. स्याङ्जाका पदाधिकारीहरु पदबहालीको तेस्रो वर्ष प्रवेशको सन्दर्भमा आयोजित कार्यक्रम २०७६ साउन २५ गतेको एक झलक ।





स्याङ्जा जि.स.स. प्रमुख सीता सुन्दासको अध्यक्षतामा मा.वि. स्थायी शिक्षकमा शिफारिस भई स्थायी नियुक्ति-पत्र बुझ्दै सपथ लिई आ-आफ्नो विद्यालयमा जान तम्तयार शिक्षक मित्रहरूलाई बधाई कार्यक्रमको झलक ।

## जिल्ला समन्वय उदयपुर






२०७६ साउन २७ गते भएको रौतामाई गाउँपालीका वडा नं. ७ मुर्कुचि, उदयपुरमा सञ्चालित ४५ दिने काष्ठ फर्निचर निर्माण तालीम सिपमुलक तालिमबाट स्वरोजगार बनि आत्मनिर्भर बन्न सफलता मिलोस भनि सहभागीहरु सबैमा धेरै धेरै शुभकामना प्रमाणपत्र दिनुहुँदै उदयपुर जि.स.स. प्रमुख श्री खड्ग बहादुर परियार ।

## जिल्ला समन्वय समिति तनहुँ



जिल्ला समन्वय समिति तनहुँको चौथो सभाले वातावरणीय जोखिम न्यूनिकरणका लागि पालिकाहरुले रकम छुट्याउनु पर्ने निर्णका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (ञ) मा व्यवस्था भए बमोजिम जिल्ला भित्र आ.व. २०७५/०७६ मा सञ्चालन भएका विकास निर्माण कार्यहरूको सम्बन्धमा २०७६ भाद्र महिनाको चौथो हप्ता वाषिर्क समीक्षा कार्यक्रम आयोजना गर्ने जिल्ला सभाले निर्णय गरेको छ ।

***सम्पादन : कृष्णचन्द्र न्यौपाने, सामग्री संकलन तथा लेआउट : दिनेश श्रेष्ठ***

**जिल्ला समन्वय समिति महासंघ नेपाल** Association of District Coordination Committees of Nepal (ADCCN)

☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur,

**E-mail :** addcn@addcn.org.np; adccn77@gmail.com **URL:** www.addcn.org.np